# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, पुस ८ गते २०४८ साल (संख्या ३६


## भाग ३

### नेपाल राष्ट्र बैङ्कको
### सूचना १

नेपाल राष्ट्र बैङ्कले विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को नियम ९ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी वाणिज्य बैङ्कहरूमा देहाय बमोजिमको विदेशी मुद्रामा समेत खाता खोल्न सक्ने गरी तोकि दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) जापानी येन
(२) जर्मन मार्क
(३) स्वीस फ्रेन्क

### सूचना २

नेपाल राष्ट्र बैङ्कले विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को नियम १० ले दिएको अधिकार प्रयोग गरी खण्ड ३५ मिति २०४२।४।२१ संख्या

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित परिवर्त्य विदेशी मुद्राको खाताका किसिम तोकेको यस बैङ्कको सूचनाको क्र.सं. २ पछि देहायबमोजिमको क्र.सं. ३ र ४ थपिएको छ ।

३. बचत खाता

४. कल खाता

साथै उक्त मितिको सूचनाको अन्तमा रहेको मुद्दती खाताको अवधिसम्बन्धी व्यवस्था झिकिएको छ ।

हरिशंकर त्रिपाठी
नेपाल राष्ट्र बैङ्कको गभर्नर

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय यातायात व्यवस्था ऐन, २०२६ को दफा ३ क. को उपदफा (१) बमोजिम भाडामा सञ्चालन हुने देहायबमोजिमका सार्वजनिक यातायातको साधनहरू २०४८ पौष मसान्तसम्म बिमा गराउनु पर्ने गरी यो आदेश जारी गरेको छ । त्यसरी बिमा गरेको सवारी साधन दुर्घटना हुँदा त्यस्तो सवारी साधनमा रहेका देहायबमोजिमका व्यक्तिहरूको मृत्यु हुन गएमा सोही दफाको उपदफा (२) बमोजिम देहायबमोजिमका क्षतिपूर्ति रकम पाउने गरी तोकेको छ ।

| सवारी साधन | बिमाङ्क |
|---|---|
| १. ट्रक, बस, मिनीबस | |
| क. ड्राइभर | रू. १,००,०००।– (एक लाख) |
| ख. कण्डक्टर, चेकर | रू. ७५,०००।– (पचहत्तर हजार) |
| ग. हेल्पर, खलासी | रू. ५०,०००।– (पचास हजार) |
| २. टेक्सी | |
| ड्राइभर | रू. ७५,०००।– (पचहत्तर हजार) |
| ३. टेम्पो | |
| ड्राइभर | रू. ५०,०००।– (पचास हजार) |

आज्ञाले,
मदनमान अमात्य
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।